मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १६ गते सोमवार (Monday, March 29. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## आफ्नै सूचना

२०७७ चैत १६ गते आज फागु पर्वको बिदाका कारण भोलि चैत १७ गते मंगलबार पूर्वाञ्चल दैनिक प्रकाशन नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

साथै होली (फागु) पर्व २०७७ को पावन अवसरमा समस्त नेपालीमा शान्ति, सद्भाव, मेलमिलाप, एकता र बन्धुत्वभावको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

– व्यवस्थापक

# होली पर्वको मौलिकता हराउँदै



लक्ष्मी उप्रेती

**झापा, चैत १५।** होली वा फागु पर्व नेपालीले मनाउने विभिन्न पर्वमध्येको एक हो ।

तर, यसको मौलिकता पछिल्लो समय हराउँदै गएको छ । पहाडी जिल्लामा आइतवार यो पर्व मनाइएको छ भने तराईका जिल्लामा आज सोमवार यो पर्व मनाइँदैछ । यो पर्व फागु पूर्णिमाका दिन चैत १५ गते आइतबार पहाडी र प्रतिपदाका दिन वा १६ गते सोमबार तराईका जिल्लामा मनाउन सरकारले बिदा समेत दिएको छ । तराई, मधेश र पहाडका विभिन्न समुदाय अनि विभिन्न भेग र स्थानमा यो पर्व मनाउने तरिकामा पनि भिन्नता छ । जहाँ जसले र जहिले जसरी होली पर्व मनाए पनि यो पर्व समस्त नेपालीको साझा राष्ट्रिय पर्व हो । रंग लगाइ रमाइलो गर्ने चलन भने सबैतिर छ । विभिन्न रंग र लोला खेलेर उल्लासपूर्वक रुपमा यो पर्व मनाइने गरिएको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको जोखिम बढेकाले आपसी खुशियाली साटासाट गरेर मनाउने फागु पर्व (होली)को रौनक कम देखिएको छ । अघिल्ला वर्ष देशका ठाउँ-ठाउँमा विभिन्न कार्यक्रम गरी होली मनाइएको थियो तर यसपाली भने त्यस्ता ठूला कार्यक्रम भएका छैनन् । विभिन्न संघ- संस्थाका कर्मचारी एकापसमा रङ दलेर पहाडी जिल्लामा होली मनाएका पाइएको छ भने युवाले साना-साना समूह बनाएर आपसमा फागु दल्दै होली खेलेको पाइएको छ ।

होलीको पौराणिक कथा अनुसार भगवानका अनन्य भक्त हिरण्यकश्यपु पुत्र प्रल्हादलाई मार्न होलिकालाई प्रयोग गरिएको थियो । हिरण्यकश्यपु पुत्र प्रल्हादलाई आगोले नजल्ने बरदान पाएकी फुपू होलिकाले काखमा राखेर आगोमा बस्दा भगवान भक्त प्रल्हाद बाँच्न सफल भए, होलिकाको मृत्यु भयो । होलिकाको मृत्यु (दहन) भएको दिनलाई होली पर्व र उत्सवका रुपमा मनाउन थालिएको हो । आसुरी शक्तिमाथि दैवीशक्तिको बिजय भएको दिन शक्तिको दुरपयोग गर्ने एवम् पापी प्रवृत्तिकी होलिका मारिएको उपलक्ष्यमा खुशियाली मनाइने दिनको स्मरण गर्दै मिथिलामा होली पर्व मनाउने गरिन्छ । ऋतुहरुको राजा मानिने बसन्तको स्वागतमा फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मैत्री एवम् सद्भावपूर्वक रंग र अबीर छ्यापेर होली खेल्ने परम्परा रहेको छ ।

यो पर्व मनोरञ्जक भए पनि मूलतः यो धार्मिक र सांस्कृतिक चाड हो । काठमाडौंको बसन्तपुर दरवारको दक्षिण भागमा शुभ साइतमा ध्वजापताकासहितको चीर ठड्याएपछि आरम्भ भई फागु पूर्णिमाको दिन उक्त चीर विधिपूर्वक ढालेसँगै समाप्त हुने बताउँछन्- लामो समयदेखि होलीलाई नजिकबाट हरिरहेका मैथिली समाजका अगुवा लक्ष्यन्द्रप्रसाद यादव ।

उनका अनुसार होलीमा डम्फा, हार्मोनियम, झ्याली मृदङ्सहितको बाद्यबादन बजाउँदै होरी गीत गाउने चलन भए पनि भोजपुरी गीत संगीतमा होलीको दिन झम्नेहरु थपिर्दै छन् । विशेषगरी तराई मधेशतिर जोगिरा सरररर मुख्यः गीत गाएर ढोलक, ताल, मृदंग, नगरा बजाएर नाचगान गरी गाउँ टोलछिमेक र आफन्तबीच अविर र रंग खेली मनाइने होली पर्व हाल आधुनिक गीतसंगीतमा सीमित हुन थालेको बताउँछन् यादव ।

परापूर्वकालदेखि नै होलीको लोकगीत गाएर खुशी साटेर आपसी प्रेम र सदभाव साथ मनाइने होली अब होटल र पार्टी प्यालेसमा मनाउने चलन बढ्दै गई आधुनिकतामा परिवर्तन हुँदै गएकोप्रति मैथिली समाजले चिन्ता व्यक्त गरेको छ । यादव भन्छन्- 'मिथिला क्षेत्रमा दशक अगाडिसम्म रात्री भोजनपछि दलान आँगनमा गाउँले भेला भएर होलीको परम्परागत गीत गाएर मौलिक संस्कृतिमा रंग भर्ने चलन थियो । वर्षभरिका दुःख पीडा बिर्साएर उल्लास मनाउने यो पर्वका नाममा विकृति विसंगति भित्रिन थालेको छ ।'

अचेल विशेषतः युवा युवती महिला र भलाद्मीहरु होलीको दिन नजिकिँदै गर्दा त्रसित हुन्छन् । रंग नभई अण्डा, हिलो, फोहोर र विभिन्न केमिकलहरु जसले स्वास्थ्यमा नकारात्मक असर पुर्‍याउँछन् घरमाथि छतमा लुकेर लोला हान्ने, प्रदुषित पदार्थ अनिच्छापूर्वक जबरजस्ती छ्याप्ने गरिन्छ । यसले होली पर्वका नाममा विकृति भित्र्याइरहेको छ । यस्तै व्यवहारका कारण अप्रिय घटना पनि हुने गरेका छन् ।

होली मनाउँदा बिचार पुर्‍याउनु पर्नेमा जोड दिन्छन्- झापा धुलावारीका रामजुलुम चौधरी । 'शुरुमा आफू भन्दा ठूलालाई रंग लगाउँदा खुट्टामा ढोगेर, मीठो-मीठो खानेकुरा खान दिएर, फुको अविरको टीका लगाउनु पर्थ्यो- चौधरीले भने- 'अहिले त अपरिचित व्यक्तिमाथि जबरजस्ती गर्ने प्रवृत्ति बढेको छ । को सानो-को ठूलो कुनै मतलव छैन, मुख्यतः होलीसंग सम्बन्धित गीत राधा-कृष्ण, शिव-गौरी, सीता-राम, पति-पत्नी, भिनाजु-साली, देवर-भाउजु, प्रेमी–प्रेमीकामै सम्बन्धित हुन्थे अहिले सबै हराए । तर, होली खेल्नेहरुले नै आफूलाई अनुशासित र सभ्य राख्न सकेमा यस पर्वको गरिमा जोगिने उनको भनाइ छ । पर्वको मौलिकतालाई विर्सेर विकृत बनाउँदा चाडको गरिमा रहँदैन । मित्रता, आत्मीयता र सामिप्य दर्शाउन यस पर्वलाई नेपाली संस्कृतिको महत्वपूर्ण निधिको रुपमा राखिरहन यसलाई मर्यादित बनाउनुपर्नेमा उनको जोड छ ।

बिर्तामोडका शैलेन्द्रकुमार झा होली मनाउने मिथिलाको मौलिक शैली पछिल्लो समय लोप हुँदै गएकोमा चिन्ता व्यक्त गर्छन् । रंग उत्सव प्रेम सदभाव कामय राख्ने होली पर्वको मौलिकतामाथि भड्काव संस्कृति हावी हुँदै गएपछि मौलिक होली गुमनाम हुन थालेको झाको भनाइ छ । झा भन्छन्- 'उसबेला होलीमा यसो भन्दैं गीत गाइन्थ्यो-

*'एक दिश खेले कुमर कन्हैया, एकदिश खेले होली हो*
*एक दिश खेली मोहन, मुरारे दोसर दिश राधा प्यारी हो ।*

अहिले मिथिलाक्षेत्रमा होलीको यो मौलिक गायन कमै सुन्न पाइन्छ- उनले थपे ।

मौलिक होली मदिरा, नशा लिएर अनि उदण्ड तवरले मनाउने प्रवृत्ति हावी भएको मैथिली समाजका जानकार धुलावारीका कृष्णकौशल चन्द्र गुप्ता बताउँछन् । बिहानैदेखि मदिराले मातेर झगडा गर्ने अवसरका रुपमा पछिल्लो समय होलीको पवित्र अवसरलाई दुरुपयोग गर्न थालिएको गुप्ता बताउँछन् । सरस्वती पूजाका दिन देखि नै होरीलाई गीत गाउँदै फगुवा वा फागु पर्वलाई स्वागत गर्नु मिथिलको मौलिकता हो । गीत संगीत, कला संस्कृति, भेषभुषा अन्य परम्पराको उर्वरभूमि मिथिलामा पछिल्लो समय आधुनिकताले मौलिकता छो पिरहेको गुप्ताको भनाइ छ । श्री पञ्चमीदेखि नै यहाँका गाउँ घरमा होरी गाउँनेहरुको चहल-पहल शुरु हुन्थ्यो । तर, अहिले होरीको मौलिक गीत हराउँदैछ- वाल्यकालमा आफूले गाएको होलीको गीतको अनुभुति सुनाउँदै उनले भने.....

*होरी खेले रघुविरा अवधमे होरी खेले रघुविरा*
*किनकर हाथ कनक पिच्करी किनकर हाथ*
*अबिरा होरी खेली रघुविरा,*
*अवधमे होरी खेले रघुविरा अब होलीको*
*यो मौलिक गायन नसुनेको धेरे भयो ।*

प्राचीनकालमा भगवान् रामले खेलेको होली र त्यसकालमा गरिएका विभिन्न लीलालाई होली संगीतमा विशेष ठाउँ दिइन्छ । उसवेला होलीको गीत यस्तो हुन्थ्यो ।

*'राजा जनकजीक द्वापर लम्बी पैड खजुर,*
*उपर चढे से रामरस पावे*
*निचा खसे से होय चुर ।*
*हम छी अपन मनके मौजी*
*बहुके कहैछी भौजी*
*भोला जनता किछ नै कहता*
*हम जे कहबे से हे मानता*
*हमरो सरकार बनाब दिअ ।*

फागुपर्व वा होली खेल्ने परम्परा प्राचीनकालदेखि नै

(बाँकी अन्तिम पृष्ठमा)

## प्रदेश प्रमुखद्वारा होलीको शुभकामना



**झापा, चैत १५।** प्रदेश नं. १का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले नेपालीको उल्लासपूर्ण चाड होली पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगति र उन्नतिका लागि शुभकामना व्यक्त गरेका छन् ।

प्रदेश प्रमुख प्यासीद्वारा आइतवार जारी गरिएको शुभकामना सन्देशमा शान्ति र सद्भाव फैलाउने उमङ्गको रङ्गिलो होली पर्व हरेक वर्ष फागु शुक्लपूर्णिमाका दिन मनाइने यस अवसरमा आफन्तसँगको भेटघाट, सांस्कृतिक मनोरञ्जन, सामुहिक हर्षबढाइँका साथ होली पर्वको शुभकामना आदानप्रदान गर्दै आपसी सद्भाव र सामाजिक सहिष्णुता बढाउने महत्वका साथ हेरिने उल्लेख गरिएको छ ।

प्रदेश प्रमुख अधिकारीले वर्तमान अवस्थामा विश्व कोभिड-१९को महामारीबाट मुक्त भइसकेको अवस्था नभएको भन्दै पुनः जोखिम बढ्न थालेकाले स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाइ अत्यन्तै सावधानीपूर्वक भौतिक तथा सामाजिक दूरी कायम गर्दै होली पर्वलाई घर-परिवारमा मात्र मनाउनु आग्रह गरेका छन् ।

उनले होली पर्वको लोकप्रियतालाई बचाइ राख्न कसैलाई पनि इच्छा विपरीत रङ् नलगाउन, कसैलाई पनि दुर्व्यवहार नगर्न र अवाञ्छित क्रियाकलाप नगर्न, नगराउन अनुरोध गरेका छन् ।

## उपचार गर्न आउँदा लडेर मृत्यु

**झापा, चैत १५।** नेपाल भारतको सीमा नाका पर्ने भद्रपुरस्थित मेची पुलमा लडेर एक भारतीय नागरिकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भारतको बिहार राज्य कटिहार जिल्ला बाषोई निवासी ६८ वर्षीय फजुल रहेजिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । बिर्तामोडस्थित मेची आँखा अस्पतालमा आँखा जाँच गराएर घर फर्किने क्रममा हकको शनिवार साँझ मेची पुलमा मृत्यु भएको हो ।

बुबा दमको बिरामीसँगै रक्तचापका दीर्घ रोगी भएको र सोही रोगका कारण हिँड्दाहिँड्दै लडेर मृत्यु भएको छोरा अकबर अली बताए ।

मृतक हकसँगै उनका छोरा अली शुक्रवार आँखाको उपचार गराउन नेपाल आएका थिए । मृतकको साथबाट प्रहरीले भारतीय आधार कार्ड र मेची आँखा अस्पतालको पुर्जा भेटेको थियो ।

मृतक हक भारतीय नागरिक भएको प्रमाण भारतीय एसएसबीलाई देखाउँदा पनि उनको शव भारत लैजान अनुमति दिन मानेन । एसएसबीले मृत्यु भएको व्यक्तिको नाममा नेपालबाटै आधिकारिक पत्र बनाएर ल्याउनुपर्छ भन्दै शवलाई सीमा नाकामै रोकेर राखेको थियो ।

त्यसपछि उनका छोराले भद्रपुर नगरपालिका कार्यालयमा शव लैजान अनुमतिका लागि निवेदन दिएको र सोही निवेदनको आधारमा नगरपालिकाले सिफारिस पत्र बनाई दिएपछि मात्र एसएसबीले आइतबार बिहान शव लैजान अनुमति दिएको स्थानीयले बताएका छन् ।

## ब्राउनसुगरसहित दुई जना पक्राउ



**झापा, चैत्र १५।** झापाको बिर्तामोड नगरपालिका-५ बाट लागूऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-५ का २५ बर्षीय दिपू चौधरी र ३का २५ बर्षीय सुवास ताजपुरियालाई १ ग्राम ८०० मिलिग्राम लागूऔषध ब्राउनसुगर सहित शनिवार अपरान्ह ५ बजे पक्राउ गरेको हो ।

लागूऔषधसहित पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

## व्याजवापत श्रमसँगै यौन शोषण

**सोलुखुम्बू, चैत १५ ।** सोलुखुम्बूको थुलुङ दूधकोशी गाउँपालिका-९की ४१ वर्षीया महिला चार वर्षदेखि यौन तथा श्रम शोषणमा परेको घटना बाहिरिएको छ ।

छिमेकी ६८ वर्षीय खड्गबहादुर राईले रु. छ हजार ऋण दिएपछि राईले बारम्बार श्रमसँगै यौन शोषण गर्ने गरेको पीडित महिलाको भनाइ छ ।

शनिबार सल्लेरीमा पत्रकारसँगको भेटमा ती महिलाले आफू अन्यायमा परेकाले न्याय माग्न सदरमुकाम आइपुगेको बताइन् । आर्थिक अवस्था कमजोर भएकाले २०७३ साल असार २ गते खड्गबहादुरबाट ऋण लिएको पीडित महिलाको भनाइ छ । ऋण लिएलगत्तै असार ४ गतेदेखि मलाई उनले घरमा बारम्बार काम गर्न बोलाउन थाले- भावुक हुँदै पीडित महिलाले भने- आर्थिक अवस्था कमजोर भएका कारण उनले जे भन्यो त्यही मान्न बाध्य भएँ ।

घरायसी कामसँगै तीन/चार दिनको अन्तरमा जबरजस्ती शारीरिक सम्पर्क राख्ने गरेको उनको भनाइ छ । ऋणको व्याजस्वरूप काम गर्नुपर्‍यो- उनले भनिन्- दिनभरि कामको थकानसँगै उसलाई यौन चाहना भए जुनैबेला पनि आफू तयार हुनुपर्ने मेरो बाध्यता थियो ।

आफूले शारीरिक सम्पर्क राख्ने इच्छा छैन भन्दा ज्यान मार्नेसम्मको धम्की

(बाँकी अन्तिम पृष्ठमा)

## ट्याक्टरले किचेर एक जनाको मृत्यु

**उदयपुर, चैत्र १५।** उदयपुरको चौदण्डीगढी नगरपालिका-४मा ट्याक्टरले किचेर एक जनाको मृत्यु भएको छ ।

स्व. मदन भण्डारी स्मृति लोकमार्गमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको स१त ७६२० नम्बरको ट्याक्टरमा सवार चौदण्डीगढी नगरपालिका-२का २८ बर्षीय रुपेश लामगादे अचानक ट्याक्टरबाट झर्दा उक्त ट्याक्टरको पछाडिको टायरले किचेर घाइते भएका थिए । घाइतेलाई बेल्टार अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय बेल्टारले जनाएको छ ।

## कोरोनाबाट विदेशमा थप तीन नेपालीको मृत्यु

**झापा, चैत १५।** कोरोना भाइरसको संक्रमणबाट विदेशमा थप तीन नेपालीको निधन भएको छ ।

गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार यो साता प्राप्त तथ्यांक अनुसार यूकेमा २ जना र क्यानडामा १ जना

(बाँकी अन्तिम पृष्ठमा)

## कर्मचारी आवश्यकता

यस थकाली किचन एण्ड न्यू सिटी पार्टी प्यालेसलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क राख्नु होला ।

१) रेष्टुरेन्ट मेनेजर : २ जना
२) हेड सेफ : २ जना
३) तन्दुरी/नान कुक : २ जना
४) किचन हेल्पर : २ जना
५) वेटर/वेट्रेस : ४ जना
६) वार टेन्डर : २ जना
७) क्लिनर : २ जना

सम्पर्क : ०२३–५४२९५५/०२३–५४०६२५




## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

– बैंक नोट वा सिक्का जलाउने, गाल्ने–च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,

– अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,

– एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# राप्रपा अर्जुनधाराको अध्यक्षमा खतिवडा

**अर्जुनधारा, चैत १५।** राष्ट्रिय प्रजातन्त्र पार्टी अर्जुनधारा नगर समितिको आइतबार सम्पन्न एकता अधिवेशनबाट अध्यक्षमा सूर्यकुमार खतिवडा निर्वाचित भएका छन्।

यसअघि समितिमा उपाध्यक्ष रहेका उनी उक्त अधिवेशनबाट आगामी चार वर्षे कार्यकालको लागि निर्विरोध निर्वाचित भएका हुन्।

नवनिर्वाचित अध्यक्ष खतिवडाले सोही दिन पार्टीको विधान अनुसार उपाध्यक्षद्वयमा गणेश दाहाल र राजकुमार चौहान, महिला उपाध्यक्षमा कञ्चन खड्का र सचिवमा सुरेन्द्र आचार्यलाई मनोनयन गरेका छन्।

४१ सदस्यीय समितिको आठ पदाधिकारीमध्ये बाँकी दुई सहसचिव र एक कोषाध्यक्षको पदमा आगामी बैठकबाट मनोनयन गरिने अध्यक्ष खतिवडाले जानकारी दिए। त्यसैगरी समितिमा नगरको ११ वटा वडाबाट तीन जनाका दरले ३३ जना सदस्य निर्विरोध निर्वाचित भएको बताइएको छ।



नगर समितिका अध्यक्ष छविलाल लम्सालको अध्यक्षता र पार्टीका केन्द्रीय महामन्त्री एवम् संघीय सांसद् राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा आयोजित अधिवेशनको उद्घाटन सत्रमा पार्टी स्थापनादेखि हालसम्म योगदान पुऱ्याउने १३ जना व्यक्तित्वलाई सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो।

त्यसरी सम्मानित हुनेहरुमा इन्द्रबहादुर बुढाथोकी, उमानाथ ढुङ्गेल, डम्बर पुरी, नन्दीकेशर भट्टराई, पदमलाल श्रेष्ठ, भीमबहादुर खड्का, भीमबहादुर खतिवडा, भीष्मभूषण संग्रौला, मनमाया शिवाकोटी, मेघनाथ चौहान, मेदनीप्रसाद चापागाँई, शिवप्रसाद अधिकारी र शिवलाल गिरी रहेका छन्।

कार्यक्रममा नगर प्रमुख हरिकुमार राना, पार्टीका केन्द्रीय सदस्य भक्तिप्रसाद सिटौला, राप्रपा झापाका अध्यक्ष अम्बरबहादुर विष्ट, उपाध्यक्ष देवराज रिजाल, सचिव केशवप्रसाद ओझा, सदस्य लवकुश गिरी, क्षेत्रीय अध्यक्ष नारायण राजवंशी, उपाध्यक्ष गोविन्द कार्कीलगायतले शुभकामना मन्तव्य राखेका थिए। उपाध्यक्ष खतिवडाले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव राजकुमार चौहानले गरेका थिए।

# कांग्रेसका शीर्ष नेताहरू झापा आउँदै

**बिर्तामोड, चैत १५।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेलसहितका शीर्ष नेताहरु झापा आउने भएका छन्।

प्रजातान्त्रिक आन्दोलनकी अगुवा नेतृ गिरीराजकुमारी प्रसाईको १३औं पुण्य तिथि पारेर नेपाली कांग्रेस झापाले आगामी चैत २३ गते आयोजना गर्ने शोकसभालाई सम्बोधन गर्न सभापति देउवा झापा आउने भएका हुन्।

चैत २४ गते बुद्धशान्ति-७ शान्तिनगरमा निर्माण भएको शहीद याम आचार्यको शालिक अनावरण लगायतका विभिन्न कार्यक्रममा उनीहरुको सम्बोधन रहने नेपाली कांग्रेस झापाका प्रवक्ता लोकराज ढकालले जानकारी दिए।

यसैगरी बरिष्ठ नेता रामचन्द्र पौडेल आगामी बैशाख ४ गते झापा आउने भएका छन्। गौरीगञ्ज-६ खगुरगाछीमा निर्माण भएको शहीद श्यामसुन्दर यादवको शालिक अनावरण लगायतका विभिन्न कार्यक्रममा पौडेलको प्रमुख आतिथ्य रहने नेपाली कांग्रेस झापाले जनाएको छ। त्यसैगरी गिरिराजकुमारी प्रसाईको निधनप्रति शोक व्यक्त गर्न पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला चैत १८ गते गृह जिल्ला झापा आउने कार्यक्रम तय भएको छ।

यसैबीच नेपाली कांग्रेस झापाले पार्टीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री नवीन्द्रराज जोशी, प्रजातान्त्रिक आन्दोलनकी अगुवा नेतृ गिरिराजकुमारी प्रसाईलगायत सातजना प्रजातन्त्रवादी नेताहरुको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्वमा बसेको कांग्रेस कार्यसमिति, क्षेत्रीय, प्रदेश क्षेत्रीय, गाउँ/नगर सभापतिहरुको संयुक्त बैठकले स्व. जोशी, प्रसाई, प्रजातन्त्र सेनानी संघ झापाका पूर्व अध्यक्ष तमर राई, जिल्ला समितिका पूर्व सदस्य पर्शुराम राजवंशी, प्रतिवन्धित अवस्थामा बुद्धशान्ति गाउँसमितिका सभापति शुभनारायण राजवंशी, साविक धाइजन गाविसका पूर्व उपसभापति इन्द्रमणि सिटौला, महिला नेतृ ललिता भट्टराई लगायतको निधनप्रति शोक प्रस्ताव पारित गरिएको नेपाली कांग्रेस प्रचार विभाग प्रमुख कृष्ण हुमागाँईले जानकारी दिए।

कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, पूर्वसांसद डिल्ली सिटौला लगायतका नेताहरुले प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वहरुको निधनले देशलाई नै अपुरणीय क्षति पुगेको धारणा राखेका थिए।

## होली ...

नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको पाइन्छ। शिशिर ऋतुको जाडो र तुषारोले कठ्याङ्ग्रिएर निराश भएकालाई बसन्त ऋतुको आगमनले ल्याउने खुशीको प्रफुल्लित क्षण र मुद्रा होलीको उल्लासमय वातावरणमा प्रस्फुटित हुन्छ।

मनोरम प्राकृतिक छटा वातावरणमा फागु वा होली नेपाली संस्कृतिमा रङ्गको पर्व भएर सबै नरनारीबीच उमङ्ग र उच्छवास बाँड्दै आउँछ। आपसी सद्भावबीच गरिने मनोरञ्जन मानव जीवनलाई स्वस्थ राख्न अति आवश्यक हुन्छ। यसले जीवनप्रति उत्साह र सकारात्मक भावना जगाउँछ।

फागुपर्वको अनेकौं पौराणिक प्रसङ्ग छन्। प्रथमतः शक्तिमत्त सम्राट हिरण्यकशपु उनको छोरा विष्णुभक्त प्रल्हाद शिवजीबाट आगोको रापले डढाउन नसक्ने बरदान प्राप्त प्रल्हादकी फुपू होलीकाको प्रसङ्ग आउँछ। ईश्वरीय शक्तिको महिमा तथा सत्यको जित र खराब प्रवृत्तिको पराजयको प्रतीकका रूपमा आगोले होलिका दहन भइ प्रल्हाद सकुशल रहेको दिनको सम्झनामा उत्सवको रूपमा होली खेल्ने परम्परा शुरु भएको मानिन्छ।

एउटा पौराणिक प्रसङ्ग सत्य युगका पृथराजाको शासनकालसँग पनि सम्बन्धित छ भने अर्को प्रसङ्गमा द्वापर युगमा पुतना राक्षसनीले धेरै बालबालिकालाई आफ्नो विषयुक्त दूध चुसाइ मार्ने गरेकी र कृष्णलाई समेत त्यसरी नै मार्न लाग्दा भगवान् कृष्णले पुतनाको प्राणवायु चुसेर मारिदिँदा गोकुलवासीले पुतनालाई डढाई खरानी बनाएको र त्यसको खुशियाली मनाउन होली खेल्ने परम्परा चलेको मान्यता पनि छ। कतिपय विद्वानले चाहिँ प्रेमका साक्षात् स्वरूप कृष्ण र गोपिनीहरूको प्रेम प्रदर्शन गर्न होली उत्सव मनाइएको उल्लेख गरेका छन्।

नेपालमा होलीको शुरुवात गोपालराज वंशावली अनुसार लिच्छवीकालमा राजमान देव, त्यसपछि मल्लकालमा मल्लराजाहरू र शाहवंशमा पृथ्वीनारायण शाहसम्म राजदरबारमा मात्र भव्यरूपमा खेलिने गरेको उल्लेख पाइन्छ। यसको वास्तविक बुझाइ तत्कालीन समयमा भक्तपुरमा नेवार युवतीले गाएका ‘जुजुया होली मय जुया मयला’ (राजाहरूलाई मात्र रमाइलो छ, हामीलाई छैन) भन्ने लोकगीतबाट बुझिन्छ। राजदरबार र प्रतिष्ठित ठाउँमा खोलिने होली पछिल्लो समयमा सबै वर्ग र समुदायको उपत्यका, पहाड र तराई मधेसका सम्पूर्ण भू-भागमा मनाउने साझापर्वको रूपमा विकसित भएको पाइन्छ। काठमाडौं उपत्यकामा होली पर्व वसन्तपुर हनुमान ढोकामा चीरजडित लिङ्गो उभ्याएपछि शुरु हुन्छ। जुन सात दिनसम्म मनाइन्छ। चीरलाई यमुना नदीमा निर्वस्त्र मस्त नुहाउन लागेका गोपिनीका विभिन्न रङ्गको प्रतीक मानिन्छ।

पहिला सभ्य ढङ्गले अविर रङ्गहरू एक आपसमा सौहार्दपूर्ण वातावरणमा खेल्ने गरिएको भए पनि केही वर्षसम्म जथाभावी पानी रङमा ढुङ्गाका टुक्रा, सडेका अण्डा आदि राखेर लोलाले हिर्काउने, विशेष काममा हिँडेका सडक यात्रुलाई झ्यालबाट पानी खन्याइ दिने, भाङ घतुरो खाएर झै-झगडा गर्ने, होली खेलमा सामेल हुन नचाहनेलाई जबर्जस्ती गर्ने आदि क्रियाकलाप हुन जाँदा शिक्षण संस्था नै बन्द भई पठनपाठन समेत रोकिन पुग्थ्यो।

तराईवासी यसलाई विशेष पर्वको रूपमा लिन्छन् र शालीन तरिकाले भव्य रूपमा मनाउने गर्छन्। पुरुषवर्ग चौबाटो तथा चौतारामा र महिलाको समूह सफा रङ पानी प्रशस्त मात्रामा जम्मा गरिएको कुनै ठूलो घरमा जात वर्गको भेदभाव नगरी खुला रूपमा पिचकारीले रङपानी छेपेर बाल्टिन तथा गाग्रीले शिरदेखि पाउँसम्म भिज्ने गरी खेल्छन्। उनीहरू खुला हृदयले बाह्य स्पर्श, भाषा, लवज, रतिगान तथा सम्मान आदरमा कुनै नियन्त्रण नराखी बिहानदेखि अपरान्हसम्म मस्तसँग खेलेर समय सकिएपछि सफापानीले नुहाइ सफा कपडालाई मनोरञ्जनात्मक क्षणमा स्पर्श गरिएका बोलिएका शब्दको कुनै इर्ष्यानगरी आ-आफ्नो मान्यजनका ढोगभेट र इच्छित खाना, मिष्ठान आदि खाई खुवाई अर्को साल कुनै घरमा पुनः जम्मा हुने बाचागरी आ-आफ्ना घर फर्कन्छन्।

पुरूषवर्ग आफ्नो क्षेत्रमा खेलिएको मनोरञ्जन सकिएपछि पूर्व निर्मित साहित्यिक मञ्चमा हाँस्य व्यङ्ग्य कविता, चुट्किला, भजन, गजल, ग्रामीण उखान टुक्का सुनाइ साहित्यिक मनोरञ्जनको वातावरण सिर्जना गर्छन्। त्यसै मञ्चबाट नै चर्चित साहित्यकारलाई ‘महामुर्खराज, लण्ठाधिराज, रति सर्वस्व, रति मुख मण्डन, उपाधि दर्जाले सम्मान गर्छन्।

इतिहासविद्का अनुसार मुस्लिम औरङजेवको आक्रमणबाट उत्पीडित हुँदा लाखापाखा लाग्ने क्रममा महेन्द्रनगर तथा कञ्चनपुर, कैलाली आदिमा बस्दै आएका राना थारू होलीलाई फगुवा सम्बोधन गर्छन्। उनीहरू खानपिन नाचगानलाई प्राथमिता दिन्छन् र नाचगानमा लगाउने कपडा घर-घरमा तयार गर्छन्। परदेशी पाहुना कसैको अविर रङ दलिदिएमा कुनै मनखत/नरमाइलो मान्दैनन् र फगुवालाई आफ्नो बोली चालीको भाषामा ‘हल्की’ भन्छन्। शङ्कपुर, श्रीपुर, रामपुर विलासीपुर आदिका बासिन्दाले मनाउने फगुवालाई ‘भारी होली’ भन्छन्। राना थारूहरूको रहन सहनमा महिलाको विशेष अधिकार हुँदा समाजमा कसैको खराब नियत, चाल चलन छ भने त्यस्तोलाई त्याग्न महिला फगुवा गीतबाट अर्ति उपदेश दिई सर्तकसमेत गराउँछन्।

होरी, होली, फागु, फगुवा, वसन्त उत्सव आदिले पुकारिने रङ्गिन पर्व नेपाल र भारतमा मात्र सीमित नभएर अन्य मुलुकमा पनि यस्तै प्रकारको मनोरञ्जनात्मक रङको पर्व मनाइएको पाइन्छ। रङको पर्वको रूपमा रुसमा हास्य पर्व मनाइन्छ भने बेल्जियममा हाँसो ठट्टाको रूपमा एक आपसमा उपहार आदान प्रदान गरेर, हङ्गेरीमा युवकले आफ्ना विशेष प्रेमी युवतीलाई रङपानी खन्याइ दिएर, इजिप्ट, जापान, सुमात्रा आदि देशमा नाचगान र नयाँ अन्नको स्वागत सत्कार गरेर, कतै आगो बालेर र नाचगान गरी मनाइएको पाइन्छ। यस्ता जानकारीबाट फागुलाई विशेषतः खुसीयालीले भरिएको विश्वव्यापी रङ्गीन पर्वको रूपमा पनि बुझिन्छ।

होली जसरी मनाए पनि ‘विजय त्यसको हुन्छ, जो धर्ममा रहन्छ, धर्म त्यो हो जो सत्यमा आश्रित छ’ भन्ने फागुपर्वको मुख्य आशय सबैले बुझ्न आवश्यक छ।

## ब्याजवापत ...

दिएपछि स्वीकार गर्नुको विकल्प नभएको उनको भनाइ छ। गाउँघरमा जो कोहीलाई धाकधम्की दिएर खड्गबहादुरले श्रम शोषण गर्ने गरेको पीडित महिलाको आरोप छ तर पीडक राईले भने आफूले त्यस्तो कुनै काम नगरेको बताएका छन्।

**यौन प्यास मेटाउन पीडितकै घरमा पुग्थे खड्गबहादुर**

खड्गबहादुरले घाँस काट्न, धान र कोदो रोप्नदेखि आवश्यक परेको बेला जुनसुकै काम गर्न पनि आफूलाई बोलाउने गरेको महिलाको भनाइ छ। शुरुमा काम गर्न आउनु मलाई ब्याज चाहिँदैन भने- महिलाले सुनाइन्- केही समयपछि साँवा ब्याजको हिसाब गरौं भन्दा पनिपछि हिसाब गरौंला किन अहिले गर्नु भन्दै काम लगाइरहे, मैले पनि मानिरहेँ।

श्रम शोषण गरिरहेका पीडक राईले २०७५ सालदेखि भने निरन्तर यौन शोषण गर्ने गरेको पीडित महिलाले बताइन्। पीडित महिलाको ७० वर्षीय श्रीमान् गोठमा भएको मौकामा घर आउने र यौन प्यास मेटाउने गरेको महिलाको गुनासो छ। रातको १२ बजेतिर आफ्नो घरमा आउने र कोही कसैलाई भनेको खण्डमा ज्यान मार्ने धम्की समेत दिने गरेको उनले बताइन्।

खड्गबहादुरको व्यवहारको विषयमा पीडितका पतिलाई जानकारी भएपछि काम गर्न नजाने निधोमा पुगेकी उनलाई खड्गबहादुरले तत्काल ऋण फिर्ता गर्न ताकेता गरेको बताइन्छ। तर, आफूहरुसँग फिर्ता गर्ने रकम नहुँदा बाध्य भएर अह्राएको काम गर्नुपरेको महिलाको गुनासो छ।

खड्गबहादुर र पीडित महिलाबीचको सम्बन्धका बारेमा पीडकको घरपरिवारलाई जानकारी भएपछि छोराहरु समेतले गत माघ २८ गते महिलाको घरमा पुगेर ज्यान मार्ने धम्की दिएको आरोप छ। घर घेर्न पुगेपछि पति र घरपरिवारसहित छिमेकीलाई समेत घटनाको बारेमा जानकारी गराएको महिलाले बताइन्।

**महिला सञ्जालको सहयोगमा प्रहरीमा जाहेरी**

सामान्य विवाद हुँदा समेत छिमेकी सबैलाई धाकधम्की दिने खड्गबहादुर देखि गाउँले सबै डराउने गरेको स्थानीयको भनाइ छ। आफूहरु पनि असुरक्षित हुने त्रासका कारण गाउँका महिला अगुवाको साथमा घटनाको विषयमा उजुरी गर्न सल्लेरी आएको पीडित महिलाले बताइन्। जिल्लामा क्रियाशील अन्तरपार्टी महिला सञ्जालको सहयोगमा गत फागुन १७ गते जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरिएको पीडित पक्षको भनाइ छ।

प्रहरीले आवश्यक अनुसन्धानका लागि सोही दिन खड्गबहादुरलाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढाएको प्रहरी निरीक्षक महेन्द्र दर्नालले जानकारी दिए। प्रहरीको अनुसन्धानपछि जिल्ला अदालत सोलुखुम्बूमा मुद्दा बुझाइएकोमा चैत ११ गते न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले खड्गबहादुरलाई रु. एक लाख २० हजार धरौटी माग गर्ने आदेश दिएको छ।

यता पीडित पक्षले भने आफूहरुलाई अदालतमा बयानका लागि नबोलाएको गुनासो गरेका छन्। पीडक पक्षको मात्रै बयानका आधारमा धरौटीमा रिहा भएपछि न्याय नपाउने आशङ्का आफूहरुमा रहेको पीडित महिलाको भनाइ छ।

अब झनै ज्यान जोखिममा परेकाले गाउँ फर्कन नसक्ने पीडित परिवारले बताए। पतिसँगै आफू सल्लेरीमा आफन्तकोमा बसिरहेको र सात जना छोराछोरी गाउँमै छिमेकीको घरमा बसेको उनले बताए।

## कोरोनाबाट ...

गैरआवासीय नेपालीको कोरोना संक्रमणका कारण निधन भएको हो।

गैरआवासीय नेपाली संघ-एनआरएनएका अनुसार विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणका कारण शनिवार साँझसम्म २२ देशमा रहेका ३ सय ४५ जना नेपालीको निधन भएको छ।

संयोजक डा. सापकोटाका अनुसार यो साता बेल्जियम, मलेशिया र युएईमा रहेका नेपालीहरुमा थप कोरोना संक्रमण देखिएको छ।

हालसम्म ५३ देशमा ६३ हजार ८ सय ५४ जना नेपालीमा कोरोना संक्रमण पुष्टि भएको छ। तीमध्ये ६१ हजार ९ सय ८० जना कोरोना संक्रमणमुक्त भएका छन्। विदेशमा संक्रमणमुक्त हुने दर ९६ दशमलव ८ प्रतिशत रहेको छ।


**कमल गाउँपालिका**
गाउा कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

**सँधियारका नाममा जारी भएको सूचना**

सूचना प्रकाशित मिति २०७७/१२/१६

**श्री युवराज नेपाल (पूर्वतर्फका सँधियार )**

साविक मधुमल्ला गा.वि.स वडा नं ६, हाल कमल गाउँपालिका, वडा नं. ६ बस्ने श्री लखनपुर साना किसान कृषि सहकारी संस्था लि.ले मिति २०७७/११/०४ गते निजका नाममा दर्ता कायम रहेको जग्गामा पक्की ३ तले भवननिर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा तपाइँ सँधियारको सर्जमिनमा उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३१ को उपदफा ( क ) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। भवन निर्माणबाट सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यपालिकामा निवेदन पेश गर्नुहोला। म्याद भित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भइजाने व्यहोरा समेत सूचित गरिन्छ।

तपशिल

| निवेदक/ठेगाना | कित्ता नं. | संधियारका नाम र कि.नं. | सर्जमिन मिति |
|---|---|---|---|
| लखनपुर साना किसान कृषि सहकारी संस्था लि. कमल वडा नं. ६ | १४४० १५२० | पूर्वतर्फ युवराज नेपाल कि.नं. १४३५ पश्चिमतर्फ उत्तरतर्फ दक्षिणतर्फ | २०७७।११।२३ |



**Kontrakt Courier Trans Air Courier**

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

Branch Office
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (ph: 023-536735)



**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**



**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२



**कनकाई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा प्रदेश नं. १ नेपाल

**कर्मचारी करारमा लिने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित सूचना मितिः २०७७/१२/१६*

राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभागको च.नं. १६०४ मिति २०७७/१०/२८ को पत्र बमोजिम यस कनकाई नगरपालिकाको सबै वडामा दर्ता शिविर सञ्चालन गर्नका लागि तपशिल बमोजिमको विवरण संकलकहरु सेवा करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

१. **विज्ञापन नं. प्र. १६/२०७७/०७८**
**पद :** दर्ता अपरेटर
**माग संख्या :** २ (दुई)

२. **विज्ञापन नं. प्र. १७/२०७७/०७८**
**पद :** विवरण संकलक
**माग संख्या :** ६ (छ)

३. **शैक्षिक योग्यता, अनुभव**
- नेपाली नागरिक
- दर्ता अपरेटरको लागि प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरेको तथा कम्प्युटर तालिमको प्रमाणपत्र भएको।
- विवरण संकलकको लागि एसईई वा सो सरह उत्तीर्ण गरेको।
- उमेर १८ वर्षदेखि ३५ वर्ष ननाघेको।

४. **परीक्षाको किसिम :** कनकाई नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ अनुसार।

५. **पारिश्रमिक :** दर्ता अपरेटरहरुका लागि काम गरेको दिनको रु. १,२००।- विवरण संकलकहरुका लागि काम गरेको दिनको रु. ८००।- को दरले दैनिक पारिश्रमिक बाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन।

६. **काम गर्नुपर्ने स्थान :** कनकाई नगरपालिका।

७. **दरखास्त :** आवश्यक योग्यताको प्रमाणपत्रको प्रतिलिपिसहित कार्यालयले तोकेको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र।

८. **दरखास्त दस्तुर :** दर्ता अपरेटरहरुका लागि रु. ६००।- र विवरण संकलकहरुका लागि रु. ४००।-

९. **सम्पर्क मिति :** २०७७/१२/२३ गते।

**विवेक भण्डारी : प्रशासकीय अधिकृत**



**कर्मचारी आवश्यकता**

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता।
**कुक : २ जना हेल्पर : २ जना**
**डिस वासर : १ जना**
**सम्पर्कः ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७**



**निःसन्तान दम्पतिहरूका लागि सुवर्ण अवसर**

झापाको बिर्तामोडमा पहिलोपटक ख्याति प्राप्त वात्सल्यको IVF सेन्टरमा स्त्री तथा प्रसूति रोग तथा निःसन्तानहरुका लागि विशेषज्ञ सेवा सुचारु भएको सर्हष जानकारी गराउँदछौं।

स्त्री तथा प्रसूति रोग तथा निःसन्तान दम्पत्तिहरुका लागि विशेषज्ञ डा. आकृति भारती, एम.डी. द्वारा यही मिति २०७७/१२/२१ गते शनिबारका दिन बिहान १०-३ बजे निःसन्तान दम्पत्तिहरुको चेकजाँच र आवश्यक परामर्श गरिने भएको हुँदा समयमै स्वास्थ्य जाँच गराई आवश्यक सेवा लिनहुन हार्दिक अनुरोध गर्दछौं।

**समय :** १०:३० बजेदेखि
**स्थान :** बिर्तामोड पश्चिम बस स्टेण्ड उत्तर
(निशा एडभान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक)
**अग्रिम नाम लेख्ने समय :** ९:०० बजेदेखि ५:०० बजेसम्म
**नोट : यहाँ न्यूरो ओपीडी र मानसिक रोग तथा अन्य अनुभवी विशेषज्ञ डाक्टरद्वारा दैनिक सेवा, रेडियोलोजी सेवा।** झापामै पहिलोपटक अत्याधुनिक DR एक्सरे, 4D भिडियो एक्सरे र CT स्क्यान तथा प्याथोलोजीमा अत्याधुनिक मेसिनद्वारा दक्ष प्याथालोजिष्टबाट सम्पूर्ण रगतको जाँच TFT, रगतबाट क्यान्सरको जााच तथा मासुको जाँच गरिन्छ।

**निसा एड्भान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक,**
बिर्तामोड (पश्चिम बस स्टेण्ड उत्तर) झापा, ०२३-५९०१९४



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



**कर्मचारी तु-आवश्यकता**

मनमोहन अस्पताल बिर्तामोडको क्यान्टिनमा कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**वेटर : महिला ३ जना कुक : २ जना**
तलबः आपसी समझदारीमा तय गरिनेछ।
नोटः अनुभवी र क्यान्टिनमा नै खाने बस्नेलाई विशेष प्राथमिकता दिइनेछ।
**मो. ९८२७३३१६३३, ९८१७३६४३८९**



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## पूर्वाञ्चल
### सम्पादकीय

## होलीले सद्भाव बढाओस्

आज तराईवासी नेपालीले हर्षोल्लासपूर्वक मनाउने पर्व होली । पहाड र उपत्यकावासीले हिजो फागु पूर्णिमा मनाएर आपसमा सद्भाव, स्नेह र हार्दिकता साटासाट गरे । हाम्रा अनेक पर्वहरु मध्ये होलीको छुट्टै महत्व छ । पौराणिक कथन अनुसार आगोले समेत नपोल्ने बरदान पाएकी होलिकाले आफ्नै भदा प्रल्हादलाई काखमा राखेर डढाउन खोज्दा होलिका स्वयम् जलेर भष्म भएकी थिइन् । यसले दुराचारी, दुर्नियत भएकाहरुको अन्ततः पराजय नै हुन्छ भन्ने सिद्ध गरेको छ । त्यस्तै भगवान कृष्णले दूध चुसाएर मार्न आएकी पुतनालाई दूध चुसेरै बध गरेको प्रसंग पनि यो दिनको धार्मिक महत्वसँग जोडिएको छ । पुतनाको मृत्युपछि गोपालबासीहरुले कृष्णको जय–जयकार गर्दै रंगको उत्सव मनाएको पौराणिक इतिहासमा वर्णन गरिएको छ ।

होलीमा प्रयोग गरिने रंगको बेग्लै विशेषता छ । अझ जाति पिच्छे होलीलाई फरक–फरक तरिकाले मनाइन्छ । खासगरी उपत्यका र मिथिला क्षेत्रमा पौराणिक कथा अनुसार होली अर्थात् फागु पूर्णिमा मनाउने गरिएको छ । यसपर्वमा आफूभन्दा ठूलाको गोडामा पूजा गरेर आशिर्वाद लिएर टीका लगाएपछि सामुहिक रंग खेल्ने गरिन्छ । पहाड र तराईमा फरक–फरक दिन मनाइने परम्परा अनुसार सरकारले अलग–अलग विदा दिने गरेको छ । होली साम्प्रदायिक सद्भावको समेत पर्व भएका कारण विशेष र मीठो परिकार पकाएर खुवाउने र खाने चलन नेपाली समाजको विशिष्टता नै हो । वैदिक सनातनी संस्कृतिसँग जोडिएको यो र यस्ता चाडपर्वहरु परम्परा र मान्यता अनुसार नै मनाइनुपर्दछ । इच्छा नहुनेलाई पानी, रंग र लोला हान्ने विकृत र उच्छृंखलता अहिले केही कम हुँदै गएको छ । तर, होलीका नाममा भाङ, गाँजा जस्ता लागू पदार्थ र मादक पदार्थ सेवन गरेर उदण्डता प्रदर्शन गर्नु होलीको पहिचान होइन र हुन सक्दैन । त्यसकारण पनि आ–आफ्नो भूगोल, क्षेत्र र जातीय परम्पराको अनुशरण गर्दै मौलिकताको रक्षा गर्नु सबैको कर्तव्य हुनुपर्दछ ।

गत बर्ष चीनबाट शुरु भएको कोरोना भाइरसको महामारीले विश्व आक्रान्त छ । यसकै चपेटामा परी तीन हजारभन्दा बढी नेपालीले जीवन गुमाउनु परेको छ । पछिल्लो समय घट्दै गएको संक्रमण फेरि उकालो चढ्न थालेको छ । यही समय हामीकहाँ स्वास्थ्यविद्हरुको चेतावनीका बावजुद ठूला–ठूला सभा, सम्मेलन सम्पन्न गरिए । सत्तारुढ दलकै तर्फबाट प्रदर्शन, र्‍याली लगायतका स्वास्थ्य मापदण्ड विपरीतका गतिविधि भए । आज वर्षदिन बितिसक्दा पनि कोरोना त्रासबाट विश्व मुक्त हुन सकेको छैन । बरु यसको दोस्रो लहर नै शुरु भएको भन्न थालिएको छ । यस्तोमा जनस्वास्थ्यविद्हरुको सुझावका आधारमा सरकारले फेरि स्वास्थ्य मापदण्डको पालना गर्न अनुरोध गरेको छ । उसको अनुरोध र निर्देशन कसरी पालना हुन्छ हेर्न बाँकी छ । तर, जनमानसमा कोरोना त्रास हराउन थालेको अनुभूत भइरहेका बेला अनुरोधको अवमानना गर्नेविरुद्ध प्रशासन कसरी उपस्थित हुन्छ सरकारको इमान्दारित त्यही देखिन्छ ।

जसरी होस् घर आँगनमा प्रवेश गरेको होली जसले मनाउँछ उसले प्रेम, सद्भाव र हार्दिकता साटोस् । मनका कल्मषहरु मेटिएर निर्मल र पवित्र होउन् । देशमा व्याप्त दुराचार, भ्रष्टाचार, बेथितिहरु अन्त्य होउन् । हिरण्यकश्यपु, होलिका, पुतना र कंश प्रवृत्तिको नाश होस् । सत्य, न्याय, इमान र सदाचारिताको जित होस्, वैदिक संस्कृतिसँग जोडिएको होली पर्वको शुभकामना ।

# जीवनमा सफलताको लागि प्रेरणाको महत्व



तीर्थराज खरेल

जीवन नौका अघि बढाउन प्रेरणा यस्तो गुण हो, जसले सारा निराशा, असफलता र अभावलाई पराजित गरेर सुनौलो भविष्यतर्फ लाग्न अभिप्रेरित गर्दछ । प्रेरणा जीवनको लागि आधार हो, जसमा सकारात्मकता र विश्वासको सुन्दर महल बन्दछ । आत्म-प्रेरणाले जीवनको बाटो बदल्छ । एक व्यक्तिको जीवनमा प्रेरणाको ठूलो महत्त्व छ । जीवनको पूर्ण गहिराइ प्रकट गर्न प्रेरणाले अत्युच्च भूमिका खेल्दछ । आज हामी निराशाको बढी कुरा गर्छौं र प्रेरणा तथा सकारात्मकताका कम कुरा गर्छौं । यसले हामीमा निराशा जन्माएको छ ।

राजनीति, अर्थनीति, कुटनीति, शिक्षा नीति सबै क्षेत्र र आयाममा नकारात्मक नजरले हेरेमा सर्वत्र नकारत्मकताको बढोत्तरी भइरहेको देखिन्छ । निराशाले सारा समाजमा डढेलो लगाउँछ, जसलाई निभाएर सकारात्मकताको मार्गमा समाजलाई मार्गनिर्देशन गर्ने अचूक अस्त्र भनेको प्रेरणा हो र यो एक रहस्यमय शक्ति हो, जसले निश्चित कार्यहरू गर्न मानिसलाई अन्तस्करणदेखि नै अभिप्रेरित गर्दछ । एकै समयमा यो दुवै आन्तरिक र बाह्य कारक स्रोत हुन सक्छ । प्रेरणाको प्रभावले मान्छे आफ्नो लक्ष्यका लागि थप सक्रिय हुन्छ र आत्मसंयम र प्रोत्साहनको बलमा नवीन मार्गमा जीवनलाई डोर्‍याउन शुरु गर्छ । असल जीवनको लागि प्रमुख मानवीय गुण प्रेरणा नै हो ।

निश्चित कार्यहरू गर्न व्यक्ति बाह्य कारकद्वारा प्रोत्साहन प्राप्त गर्न सक्छ । आन्तरिक प्रेरणाले सक्रिय भावनाको विकास गर्छ । जीवनमा प्रेरणाको कमी भएमा जीवन अक्करिलो लाग्छ, जुनसुकै कार्य पनि कठिन लाग्दछ । धेरै व्यावसायिक संगठन र कम्पनीहरु आफ्ना कर्मचारीहरु उत्प्रेरित गर्न पुरस्कार, पदोन्नति, थप आर्थिक प्रोत्साहन, यात्राको अवसर आदि दिएर र मानव संसाधनको व्यवस्थापन गरेर उत्पादन र उत्पादकत्व दुवै वृद्धि गर्न चाहन्छन् । आफ्ना कामदारहरुको अपेक्षा र आशालाई बुझेर उनीहरुलाई काममा बढी लगनशीलता र जाँगरका साथ लाग्न प्रेरणाले महत्वपूर्ण भूमिका खेल्दछ । प्रेरणाबिना व्यक्तिगत जीवनमा सफलता सम्भव छैन । कुनै पनि खेलाडीलाई प्रेरणाले सफलताको सगरमाथा छुन र सम्भवनाको ढोका खोल्न सहयोग पुर्‍याउँछ ।

राम्रो प्रेरणा बिना डाक्टर, इञ्जिनियर आदि विशेषज्ञलाई अघि बढ्न कठिन छ । कठिन क्षणमा हिम्मतका साथ अघि बढ्न सकारात्मक भावले नै उत्प्रेरित गर्छ, र बाधा-अवरोधका विरुद्धमा अन्तिम धक्का दिन बल दिन्छ प्रेरणाले । पैसा, स्वास्थ्य र ठूलो उपलब्धि प्राप्तिका लागि जीवनमा मुख्य उत्प्रेरक कुरा नै प्रेरणा हो । मनोवैज्ञानिकका अनुसार, जीवनका लागि प्रेरणा कुनै पनि सफलता हासिल गर्ने इच्छाशक्ति हो । जीवनमा सफलताको लागि प्रेरणा आवश्यक छ, जीवनमा राम्रो परिणाम हासिल गर्न, प्रतियोगितामा कदम अगाडि बढाउन र जीवनमा वित्तीय कठिनाइसँग जुध्न प्रेरणाले उत्साजनक सहयोग पुर्‍याउँछ ।

जीवनमा सकारात्मकतासहित प्रेरणा कायम गर्न नसकिएमा आफ्नो शक्ति फीका लाग्न थाल्छ र स-साना अवरोधले अघि बढ्न हतोत्साह गर्दछ । हाम्रो सामाजिक परिस्थिति नकारात्मकताले भरिएको छ । समस्याहरूसँग जुध्न नसकेपछि एउटा मानिस जीवनलाई विसर्जन गर्ने



टुंगोमा पुग्नसक्छ र जीवनभन्दा मृत्युलाई प्यारो ठान्न थाल्न सक्छ । जीवनदेखि नियास्रिएका मासिनहरूलाई उत्प्रेरणा जगाउन आवश्यकछ र जसले गर्दा विपद्को बेला धैर्य, साहस र आत्मसंयताले नै मानिसलाई माथि उठाउन र एक सक्षम मानिसको चिनारी गराउन मद्दत पुर्‍याउँछ ।

आशा, उत्साह र प्रयत्न जस्ता पक्षलाई जीवनका अभिन्न अंग बनाउनुपर्छ । सिर्जनाले उत्प्रेरणाको दैलो उघार्न सघाउ पुर्‍याउँछ । सकारात्मकताले भरिएको मानिसमा नै दृढ इच्छाशक्ति हुनसक्छ । संकल्पशक्ति उत्पन्न गर्न मानिसका लागि प्रेरणा नै मुख्य कुरा हो । सपना, दृढ इच्छाशक्ति र निरन्तर अभ्यासका लागि प्रेरणा नै उत्तम गुण हो । मानिसहरूमा व्याप्त स्वार्थीपना, विश्वासघातले प्रेरणाका ढोका बन्द गर्न सक्छ । जीवनदेखि हार, नैराश्य र उदासीको संघारमा पुगेर पनि पुनः जीवनको महत्ता बुझेका व्यक्तिहरूका आत्मविश्वासले प्रेरणाको मार्गमा अघि बढ्न हौसला प्रदान गर्दछ ।

भनाई छ- 'हरेक समस्याहरु सुनौलो अवसर लिएर आउँछन् ।' यसो पनि भनिन्छ- 'कायरहरु समस्याबाट भाग्छन्, तर कतिले त्यसैलाई अवसरमा बदल्छन् ।' जीवन सधैँ एकनास रहँदैन । दुःख, सुख आउँछ, जान्छ । हिजो र आज, आज र भोलि फरक रहन्छ । सबै कुरा आफुले सोचे जस्तो ठिकठाक हुँदैन । कहीले समस्याको पहाड खस्छ । कहीले उमँगको वर्षा हुन्छ । यस्ता क्षणहरुमा संयमित जीवन व्यतित गर्नुपर्छ । जीवनमा अनेक कठिनाइहरु आउँछन् । यस्ता क्षणमा आफैंबाट प्रेरणा लिएर अगाडि बढ्न सक्नेले नै जीवनको असली आनन्द लिन सक्छन् । यस्ता मानिस, जो अविचलित रुपमा आफ्नो गन्तव्यतर्फ पाइला चाल्दै अगाडि बढिरहन्छन् । उनीहरु आफ्नो लागि आँफै मार्गदर्शकको काम गर्छन् र कहिल्यै पनि हार मान्दैन । आफैलाई प्रेरणा दिनु, आफैलाई सल्लाह दिनु धेरै सुन्दर परिकल्पना हो । कुनै पनि अप्ठ्यारो स्थिति आँउदा, बाधा, व्यवधान उत्पन्न हुँदा हामी हतास हुने, आत्तिने र निराश हुने गर्नु हुँदैन । बरु धैर्यपूर्वक आफैलाई सल्लाह दिने, आशावादी हुने आफैलाई निडर बनाउनाले धेरै सकरात्मक परिणामहरु ल्याउँछ ।

एक महान दार्शनिकका अनुसार जीवनमा कहिल्यै पनि र कतै पनि प्रेरणाको कमी हुँदैन । मानिस साहसी र निडर भएमा उसले त्यतिखेर सबैलाई आश्चर्यचकित बनाउन सक्छ जतिखेर उसले मानिसले आफूमाथि फ्याकिएको पत्थरबाट एक सुन्दर महल बनाउँछ । घृणा र तिरस्कारलाई पनि सकारात्मक र प्रेरक दृष्टिकोणबाट हेर्ने हो भने हामीले त्यसबाट धेरै पाठ सिकेर अगाडि बढ्न सक्छौं । हामीले आफूलाई फ्याँकिएको ढुंगाहरुबाट नै एक सुन्दर कलाको सिर्जना र ती ढुंगा फाल्नेहरुलाई पनि प्रेरणा दिन सक्छौं । विद्वानहरुका अनुसार यो जगतमा यस्तो कोही पनि व्यक्ति छैन जसले लागि आफैलाई प्रेरणा दिन सक्दैन ।

प्रेमको प्रतीकको रुपमा आफ्नै रानी बेगम मोमताजको स्मृतिमा एक सुन्दर ताजमहलको निर्माण गर्ने प्रेरणा शाहजहाँको मनमा जागेको थियो । उनले आफैबाट प्रेरणा लिए र दृढ संकल्प गरे । उनको संकल्पबाट यति सुन्दर कलाकृति बन्यो कि शताब्दीयौं पछि पनि ताजमहल करोडौंको मानिसहरुको लागि प्रेमको प्रतीक र प्रेरणाको स्रोत बनेको छ । यसको तात्पर्य यो हुन्छ कि जो मानिस आफैसँग संवाद गर्न बन्द गर्छन्,जसले आफ्नो मनको कुरा सुन्दैनन् उनीहरु पराजीत हुन्छन् । जीवनको बाटोमा जस्तासुकै समस्याहरु अग्ला र कठिन पहाड झैं ठडिएको छ भने पनि हिम्मत र आत्मविश्वासको साथमा प्रेरणाका बुलन्दीसँगै ती समस्याका पहाडहरुलाई चढेर विजय हासिल गर्न सम्भव छ ।

प्रेरणा कर्मफल र जीवन जस्तै छ जमिन जे रोप्छौं त्यही फल्छ जसरी हिँड्छौं त्यसरी नै पुगिन्छ, जहाँ जान्छौं त्यहीं पुग्छौं । व्यावसायिक परियोजनाहरुमा उत्प्रेरणा महत्वपूर्ण छ । कहिलेकाहीँ विचार राम्रो छ, भौतिक स्रोतहरू उपलब्ध छन्, आवश्यक ज्ञान उपलब्ध छ, तर काम परियोजनामा भाग लिने इच्छाको अभाव हुन्छ । यी अवस्थाहरूमा, विशेषज्ञले समस्याको विश्लेषण गर्न र कार्य प्रस्ताव गर्न परिवर्तनको प्रस्ताव गर्न आवश्यक छ, जसबाट प्रेरणा उत्पन्न हुन्छ र त्यही गुणकै कारण सबै कुरा सजिलैसँग अघि बढाउन सकिन्छ । सिप र क्षमताको विकासका लागि प्रेरणाको सबैभन्दा महत्वपूर्ण भूमिका हुन्छ ।

tirthakharel2028@gmail.com

## चन्द्रकलाको अभिभावक दिवस

**इलाम, चैत १५ ।** रोङ गाउँपालिका-३ प्युरेमा रहेको चन्द्रकला आधारभूत बिद्यालयको ५८औं अभिभावक दिवस सम्पन्न भएको छ ।

कार्यक्रममा उत्कृष्ट शिक्षक सुनिता लिम्बूलाई सम्मान र विद्यार्थीलाई ट्र्याक सुट वितरण गरिएको छ । सोही अवसरमा विद्यालयको आन्तरिक खेलकुद प्रतियोगिता, भूतपूर्व बिद्यार्थीहरुको खेलकुद प्रतियोगिता, बिभिन्न सांस्कृतिक प्रतियोगिताका विजेता विद्यार्थीलाई समेत पुरस्कार प्रदान गरिएको विद्यालयले जनाएको छ ।

रोङ गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष मातृका बरालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सरस्वती माविका प्रअ प्रेम राई वडा सदस्य इन्दिरा विश्वकर्मा, विव्यसका अध्यक्ष गंगाबहादुर बस्नेत लगायतले शुभकामना दिएको पूर्व बिद्यार्थी दिपीका बस्नेतले जानकारी दिइन् । प्रअ गजेन्द्र दाहालले बिद्यालयको गतिबिधिबारे जानकारी गराएको कार्यक्रमको सञ्चालन भोगेन्द्र खड्काले गरेका थिए ।

## शिवसताक्षी-२ मा विकासको लहर

□ विनोद सापकोटा

**शिवसताक्षी, चैत १५ ।** शिवसताक्षी वडा नं. २ नगरमा विकास निर्माणका कामले एक नम्बरमा भएको स्थानीयले बताएका छन् । वडामा छ हजारको हाराहारीमा जनसंख्या रहेको छ । ९५ प्रतिशत वडाबासीको आम्दानीको मुख्य स्रोत खेतीपाती नै हो । पाँच प्रतिशत वडाबासीले नोकरी, व्यापार, स्वदेश तथा वैदेशिक रोजगारबाट आम्दानी गरेर जिविकोपार्जन गर्ने गरेका छन् ।

वडा अध्यक्ष कुलबहादुर बस्नेतका अनुसार हाल सम्म एक करोड ९० लाख रुपैयाँ बिकास निर्माण, वडाका नागरिकको सिप तथा क्षमता अभिवृद्धी, पशुपालन, तरकारी खेती, शिक्षा, स्वास्थ्य लगायतका शिर्षकमा खर्च भएको छ । यो बजेट स्थानीय सरकार गठन भएपछि को हो । गत आ.व. ०७४/०७५ मा ५० लाख, ०७५/०७६ मा ४० लाख, ०७६/०७७ मा ४० लाख र ०७७/०७८ मा ६० लाख गरेर एक करोड ९० लाख रुपैयाँ पूर्वाधार निर्माणमा खर्च भएको हो ।

वडा नम्बर २ को मुख्य बजार मंगलबारे बजारमा वडाबासीले उत्पादन गरेका कृषि उपज बिक्री वितरण हुने गरेको छ । दमक, बिर्तामोड, केर्खा, सुरुङ्गा, झिलझिले लगायतका बजारबाट पनि वडामा उत्पादन भएका अर्ग्यानिक तरकारी व्यापारीले घर घरै र बाहिरबाटै खरिद गरेर लैजाने गरेको छन् । भू-स्वामित्व थोरै भएका वडाबासीले तरकारी खेतीलाई प्राथमिकतामा राखेका छन् ।

वडाका विपन्न तथा जेहेन्दार किसानलाई नगरले साझेदारी तथा अनुदानमा कृषि औजार दिएर पेसा प्रति जिम्मेबारी बनाउन थालेको छ । प्रारम्भिक चरणमा लक्षित समुदायका किसानले पाए पनि पछिल्ला वर्षहरुमा वडाका किसान समेटिँदै जाने वडाध्यक्ष कुलबहादुर बस्नेतले बताए । धान काट्ने रिपर, पावर टेलर, स्प्रे ट्याँकी, मकै रोप्ने मेसिन, सिँचाइका मोटर र कुटी काट्ने मेसिन ( च्यापकटर) किसानलाई प्रदान गरेको बस्नेतले बताए ।

वडापालिका गठन भएपछि नागरिकको समस्या हेर्न वडा स्तरीय न्यायिक समितिले हालसम्म दुई सय ७६ विभिन्न प्रकृतिका मुद्दा



फर्स्योट गरेको छ । त्यसमध्ये छ वटा मुद्दा नगरस्तरीय न्यायिक समितिमा पुगेर पनि वडामै फर्किएर मिलाउन पाएको वडा समितिका सदस्य भोजकुमार ढकाल बताउँछन् ।

मदिराका कारण घर झगडा, अंश, घरायसी लेनदेन, साँध सिमाना वडामा हुने झगडाका मुख्य विषयमा वडाबाटै न्याय पाएपछि नगर, प्रहरी हुँदै अदालतसम्म पुग्नु नपरेको बताउँछन् पीडित । एउटा खोप केन्द्रसहित दुई वटा स्वास्थ्य संस्था रहेको सो वडामा स्थानीयले सरकारी स्वास्थ्य संस्थाबाटै सेवा लिने गरेका छन् । स्वास्थ्य बिमा गरेका कारण सर्वसाधरण सरकारी स्वास्थ्य संस्थामा जान बाध्य भएको वडापालिकाको एक अध्ययनले देखाएको छ । वडामा रहेको ब्याँङडुक्रा खानेपानी निर्माण भएपछि वडाका स्थानीयले पिउने पानीको उपभोग सजिलै गर्न पाउने कार्यपालिका सदस्य समेत रहेकी जानुका दर्जी बताउँछिन् ।

त्यस्तै वडामा पालिकाले चिस्यान केन्द्र ( कोल्ड स्टोर) स्थापनाको योजना बनाउन थालेको छ । एक करोडको लागनमा कोल्ड स्टोर निर्माण हुने वडा सदस्य कुमार राईले बताए । वडाले किसानलाई पनि अर्ग्यानिक खेतीका लागि प्रोत्साहन गर्न विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ ।

तरकारी खेती गर्ने किसानलाई टनेल, मल्चिङ्ग प्लाष्टिक, डेलीभरी पाइप, भकारो सुधार, गोठ सुधार र बीऊ बोको पनि अनुदानमा दिएको वडापालिकाले किसानलाई दिएको छ । वडामा पशु बिमा कार्यक्रम पनि सञ्चालनमा रहेको छ । वडापालिकाले किसानका पशुको बिमा गरिदिने गरेको वडा सचिव पूर्ण शम्शेर कुवँरले बताए ।

चालु वर्षको यो अवधिसम्ममा वडा नम्बर २ ले मात्र १४ लाख ८० हजार एक सय ४४ रुपैयाँ राजश्व संकलन गरेको छ । कोरोनाले वडा थलिएको बेला पनि १५ लाख ७७ हजार आठ सय २४ रुपैयाँ राजश्व संकलन भएको थियो । ०७५/०७६ मा वडाले १४ लाख ९२ हजार एक सय ४६ रुपैयाँ राजश्व संकलन वडाबाट गरेको थियो ।

वडाको सबैभन्दा ठूलो समस्याको रुपमा कमल खोला, बनियानी खोला, डुँडामारी खोला र वर्षातका बेला निकास नपाएर बनेका धाद्रा भएको र त्यसको वडा एक्लैले खोला नालाको डुवान, कटान र धनजनको क्षती जोगाउन मुस्किल परेकै कारण प्रदेश र संघीय सरकारका विभिन्न निकायमा बजेटको कुरा भइरहेको वडा अध्यक्ष बस्नेत बताउँछन् ।

वडामा रहेको करिब सात वटा बाँसका भाटाका पुल र दुई वटा काठका पुल हटाएर आरसीसी पुल निर्माण वडाले गरेको छ । वडाबासीले सम्झन लायक ६ र ७ नम्बर वडासँग जोडिने गरी पुल वडाले निर्माण गरेको छ । बजेटको श्रोत जहाँ जसरी जुटे पनि वडापालिका लागिपरेकै कारण पुल निर्माण भएको बताउछन स्थानीय बासिन्दा ।

## इलाम र फिक्कलमा सिम्रिक साकोसको सेवा

**बिर्तामोड, चैत १५ ।** झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले इलाम नगरपालिका र सूर्योदय नगरपालिकामा शाखा विस्तार गरेको छ ।

२०६७ सालमा स्थापना भएको सिम्रिक साकोसले २४औं सदस्य सेवाकेन्द्रको रुपमा इलाम नपा-७ इलाम बजारमा र २५औं सदस्य सेवाकेन्द्रको रुपमा सूर्योदय नपा-१० फिक्कलमा सेवा विस्तार गरेको हो । यसअघि इलामको दानावारीमा समेत सदस्य सेवाकेन्द्रको रुपमा सेवा विस्तार गरिएको छ ।

संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षता तथा इलाम नगरपालिका वडा नं. ७ का वडाध्यक्ष नरेश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सिम्रिक साकोसका सचिव इन्द्रबहादुर कार्कीले स्वागत गरेका थिए । कार्यक्रममा सिम्रिक साकोसका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले संस्थाको गतिविधीमाथी प्रकाश पार्दै सिम्रिक साकोसले प्रदान गर्ने सम्पूर्ण वित्तिय सेवा इलाम शाखाबाट प्रदान गरिने जानकारी दिए ।

सिम्रिक साकोसको झापा, मोरङ र इलाम जिल्लामा रहेको २७ वटा सेवाकेन्द्रमा ३३ हजार छ सय चार जना शेयर सदस्य, शेयर चुक्ता पुँजी २० करोड ६७ लाख ४८ हजार पाँच सय ७० रुपैयाँ, निक्षेप ७२ करोड ५९ लाख २२



हजार पाँच सय ७४ रुपैयाँ, ऋण लगानी एक अर्ब २९ करोड २६ लाख ४४ हजार आठ सय ८० रुपैयाँ रहेको उनले जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक इलामका प्रमुख मनोज लामिछाने, उद्योग वाणिज्य संघ इलामका कार्यकारी निर्देशक नविन लामिछाने, होटल एशोसिएसन इलामका अध्यक्ष तथा प्रदेश उपाध्यक्ष देवी पौडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा सानिमा बैंक इलाम शाखा प्रमुख समिना बस्नेत, एक्सेल बैंक इलाम शाखा प्रमुख अंरीक ढकाल, नेपाल पत्रकार महासंघका प्रदेश उपाध्यक्ष सोमनाथ सुसेली, पत्रकार सुवर्ण खड्का, जाग्रती साकोसका टीका ढकाल लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सिम्रिक साकोसका तालिम विभाग प्रमुख प्रेम बस्नेत(विजय)ले गरेको इलाम शाखा प्रमुख दिपेन भट्टराईले जानकारी दिए ।

त्यस्तै सिम्रिक साकोसले २५औं सदस्य सेवाकेन्द्रको रुपमा सूर्योदय नपा-१० फिक्कलमा सदस्य सेवाकेन्द्र स्थापना गरेको छ । संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि सूर्योदय नगरपालिका वडा नं. १० का वडाध्यक्ष पेमा उगेन लामाले फिक्कल सदस्य सेवा केन्द्रको उद्घाटन गरेका थिए ।

संस्थाका प्रमुख कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले संस्थाको गतिविधिबारे जानकारी गराएको कार्यक्रममा एकता बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष इकाराम प्रधानले शुभकामना दिएका थिए । सूर्योदय नगर उद्योग वाणिज्य संघका सदस्य सुजन तिम्सिना लगायतको आतिथ्य रहेको कार्यक्रममा सिम्रिक साकोसका सचिव इन्द्रबहादुर कार्कीले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन तालिम विभाग प्रमुख प्रेम वस्नेत(विजय)ले गरेको फिक्कल शाखा प्रमुख निरोज थापाले जानकारी दिए ।

# अध्यक्षमा प्रसाई

**बिर्तामोड, चैत १५।** आदर्श सामुदायिक प्रहरी सेवाकेन्द्र बसपार्कको अध्यक्षमा पदम प्रसाई चयन भएका छन्।

प्रसाईको अध्यक्षतामा हालै गठन भएको कार्यसमितिको बैठकले पदाधिकारीलाई जिम्मेवारी प्रदान गरेको छ। बैठकले उपाध्यक्षमा गोपाल दाहाल, सहसचिवमा गंगाप्रसाद मैनाली र कोषाध्यक्षमा एलिना सिटौलालाई जिम्मेवारी दिएको हो।



**पदम प्रसाई : अध्यक्ष**

केन्द्रको सदस्य सचिवमा इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख पदेन सदस्य सचिव रहने प्रावधान रहेको प्रहरी जवान सुनिता मर्दीले जानकारी दिइन्।

केन्द्रको नयाँ नेतृत्वका लागि गत चैत ७ गते सम्पन्न साधारणसभाले अध्यक्षमा प्रसाई बाहेक नौ जना सदस्य चयन गरेको थियो। नयाँ नेतृत्वले सफथ ग्रहणपछि पदभार ग्रहण गरेसँगै जिम्मेवारी पनि बाँडफाँड गरेको हो।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।

**लेखापाल : १ जना**

**योग्यता : +२ पास (अनुभवी)**

**सेक्टरवान सेक्यूरिटी सर्भिस**

बिर्तामोड, झापा

**फोन सम्पर्क : (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)**

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, बिर्तामोड, झापा**

**फोन : ९८०४९४७२७५, ९८१४९८३२७३**


## सुखानी-दानाबारी-चिसापानी-राजदुवाली सडक, इलाम (१४.७ कि.मि.)को स्तरोन्नतीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०७७/१२/१६*

प्रदेश नं. १, इलाम जिल्ला, माई नगरपालिका वडा नं. २, ३ र ४ मा रहेको सुखानी-दानाबारी-चिसापानी-राजदुवाली सडक, इलाम (१४.७ कि.मि.) को पूर्वाधार विकास कार्यालय, झापाद्वारा स्तारोन्नतीका लागि निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>इमेल : idojhapa11@gmail.com (फोन नं: ०२३-४५६३२९) |
| प्रस्तावको व्यहोरा | सुखानी-दानाबारी-चिसापानी-राजदुवाली सडक, इलाम (१४.७ कि.मि.) सडकखण्डको स्तारोन्नती<br>सडकको प्रस्तावित चौडाई : ८.५ मि. |
| प्रभाव पर्न सक्ने क्षेत्र | इलाम जिल्ला, माई नगरपालिका वडा नं. २, ३ र ४ मा रहेका सुखानी, दानाबारी, शुक्रबारे आदी बस्तीहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सास्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>फोन नं. : ०२३-४५६३२९, (इमेल : idojhapa11@gmail.com ) |
| परामर्शदाताको नाम र ठेगाना | नेचर कन्सल्टिङ्ग सर्भिस,<br>सिफल, काठमाडौं, बागमती प्रदेश, नेपाल<br>फोन नं. : 01-6637114, (इमेल : natureconsultingservice@gmail.com) |


## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी**

शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

**मो. ९८४२६४३६१८/९८०४९९४८८०**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : **MUMBAI SAGA**

पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०।




**बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।**

**(फोन नं. ०२३-५४६४३६)**

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड**

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)


## सताक्षीधाम-झिलझिले-हवल्दारचोक-चौरी सडक (झिलझिले-सताक्षीधाम खण्ड : ७.४९ कि.मि.) को स्तरोन्नतीको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०७७/१२/१६*

प्रदेश नं. १, झापा जिल्ला, शिवसताक्षी नगरपालिका, वडा नं. ११ मा रहेको सताक्षिधाम-झिलझिले-हवल्दारचोक-चौरी सडक (झिलझिले-सताक्षिधाम खण्ड : ७.४९ कि.मि.) को पूर्वाधार विकास कार्यालय, झापाद्धारा स्तारोन्नतीका लागि निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>इमेल : idojhapa11@gmail.com (फोन नं. : ०२३-४५६३२९) |
| प्रस्तावको व्यहोरा | दुर्गापुर-दानाबारी-इलाम सडक, झापा (१२.६३ कि.मि.) को स्तारोन्नती<br>सडकको प्रस्तावित चौडाई : ८.५ मि.(नाला बाहेक) |
| प्रभाव पर्न सक्ने क्षेत्र | झापा जिल्ला, शिवसताक्षी नगरपालिका, वडा नं. ११ का झिलझिले, शेर्माटोल आदि बस्तीहरु |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सास्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारबाला ब्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>इमेल : idojhapa11@gmail.com (फोन नं. : ०२३-४५६३२९) |
| परामर्शदाताको नाम र ठेगाना | मोक्ष परामर्शदाता प्रा.लि.<br>थापाथली, काठमाडौं, बागमती प्रदेश, नेपाल<br>फोन नं. : 01-6227009 (इमेल : mokshya.paramarsha@gmail.com) |

## श्री चारपाने साना किसान कृषि सहकारी संस्था लि.

बिर्तामोड नपा-२, झापाको

## दरखास्त आह्वान गरिएको सूचना

*मिति: २०७७।१२।१५*

यस श्री चारपाने साना किसान कृषि सहकारी संस्था लि. मा रिक्त रहेको तपशिल बमोजिमको पद खुल्ला प्रतिस्पर्धाको आधारमा पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका बिर्तामोड नगरपालिकामा स्थायी बसोबास गरेको सदस्य परिवारबाट रीतपूर्वक हस्तलिखित निवेदनको साथ दरखास्त आह्वान गरिन्छ।

**तपशिल :**

**विज्ञापन नं.:** १/०७७/०७८

**पद :** **कार्यालय सहायक**

**तह :** **चौथौ**

**शैक्षिक योग्यता :** वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा +२ वा प्रमाणपत्र तह उत्तीर्ण गरी लघुवित्त वा सहकारी संस्थामा कम्तीमा २ वर्ष काम गरेको।

**उमेर :** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको

**परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक।

**दरखास्त दिने अन्तिम मिति :** २०७७/१२/२० गते कार्यालय समयभित्र।

**दरखास्त दस्तुर :** रु १०००/-

बिर्तामोड नगरपालिकामा स्थायी बसोबास गरेको सदस्य परिवारको हुनुपर्नेछ।

**पारिश्रमिक :** संस्थाको नियमानुसार।

**आवश्यक कागजातहरु :**

१) नेपाली नागरिकताको प्रतिलिपि।

२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

समय नाघि आएका वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन। थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा फोन नं. ०२३-५४६६४९ मा सम्पर्क गर्न सकिनेछ।

**संयोजक : पदपूर्ति समिति**

## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बिर्तामोड, झापा (प्रदेश नं. १, नेपाल)**

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी DCCMC (District Covid-19 Crisis Management Center) झापाको मिति २०७७।१२।१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरवासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ।

**तपशिल**

१) कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिंदै गरेको फागू पूर्णिमा (होली पर्व)मा भीडभाड नगर्न नगराउनुहुन।

२) कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुका ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी व्यवसाय सञ्चालन गर्न गराउनुहुन।

३) स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी भीडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**

## दुर्गापुर-दानाबारी-इलाम सडक, झापा (१२.६३ कि.मि.)को स्तरोन्नतीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०७७/१२/१६*

प्रदेश नं. १, झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. १ र अर्जुनधारा नगरपालिका वडा नं. ३ र ४ मा रहेको दुर्गापुर-दानाबारी-इलाम सडक, झापा (१२.६३ कि.मि.) को पूर्वाधार विकास कार्यालय, झापाद्धारा स्तारोन्नतीका लागि निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>इमेल : idojhapa11@gmail.com (फोन नं.: ०२३-४५६३२९) |
| प्रस्तावको व्यहोरा | दुर्गापुर-दानाबारी-इलाम सडक, झापा (१२.६३ कि.मि.)को स्तारोन्नति<br>सडकको प्रस्तावित चौडाई : ८.५ मि.(नाला बाहेक) |
| प्रभाव पर्न सक्ने क्षेत्र | झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. १ र अर्जुनधारा नगरपालिका वडा नं. ३ र ४ का दुर्गापुर, सिसौ डाँडा, जुकेखाडी, कुम्भिटार आदी बस्तीहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सास्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिकाहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारबाला ब्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, झापा, प्रदेश नं. १<br>ठेगाना : भद्रपुर, झापा<br>इमेल : idojhapa11@gmail.com (फोन नं. : ०२३-४५६३२९) |
| परामर्शदाताको नाम र ठेगाना | नेचर कन्सल्टिङ्ग सर्भिस,<br>सिफल, काठमाडौं, बागमती प्रदेश, नेपाल<br>फोन नं. : 01-6637114, (इमेल : natureconsultingservice@gmail.com) |

# सच्याइएको छ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) प्रधान कार्यालय मेचीनगर-६, काँकरभिट्टाको तर्फबाट मिति २०७७/१२/११ गते पूर्वाञ्चल दैनिक पत्रिकाको पृष्ठ नं. ३ मा प्रकाशित कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचनामा केही ऋणी सदस्यहरूको विवरणमा प्राविधिक कारणबस त्रुटि हुन गएकाले उक्त त्रुटि भएका विवरणहरू आज प्रकाशित तपशील अनुसार हुनुपर्ने भएको हुँदा उक्त दिन प्रकाशित भएका क्रम संख्या २२, २३, २४,२५,२६,२७, २८ र २९ का विवरणहरु सच्याइएको छ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.स. | कर्जा नं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम | जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | ७०-६९६,७९-२८३ | रेखा गजमेर | दुवागढी-४ | दिलबहादुर दर्नाल | निरबहादुर दर्नाल | राजकुमार गजमेर | चारआली | राजकुमार गजमेर | दिलबहादुर दर्नाल | अनारमनी-३, | ३१० | ०-०-५ |
| २३ | ७९-४७४३ | जाहेद महम्मद | मेचिनगर-१४ | लाल महमद मिया | गोस महमद मिया | दिपा खातुन | चारआली | जाहेद महम्मद | लाल महमद मिया | दुहागढी-८ | १७६९ | ०-०-१३ |
| २४ | ७०-७३३ | कमला कार्की | मेचिनगर-१३ | श्रीकृष्ण भण्डारी | माविरसिंह भण्डारी | पुष्पराज कार्की | चारआली | अस्मीता कार्की | पुष्पराज कार्की | धाइजन-२ | ७७४ | ०-४-० |
| २५ | ७१-७१४५ | चुडामणि विश्वकर्मा | शान्तीनगर-९ | कुलबहादर विश्वकर्मा | पदमसिह विश्वकर्मा | रश्मी पौडेल वि.क. | शान्तीनगर | कुलबहादर विश्वकर्मा | पदमसिंह विश्वकर्मा | शान्तिनगर-९ ख | ११८५ | ०-६-६ |
| २६ | ७१-६७३४, ७९-५४८ | आनन्द कोइराला | बढ्शान्ती-५ | लक्ष्मीप्रसाद कोइराला | हरिप्रसाद कोइराला | देविका ढकाल | शान्तीनगर | आनन्द कोइराला | लक्ष्मीप्रसाद कोइराला | शान्तीनगर-५ | १३०८ | ०-१२-० |
| २७ | ८७-४१५ | गिताकुमारी दनुवार | मेचीनगर-१० | लाल दनुवार | घोगीलाल दनुवार | रामेश्वर दनुवार | धुलावारी | गिताकुमारी दनुवार | लाल दनुवार | मेचीनगर-२ | ३३३ | ५०८ व.मी. |
| २८ | ७०-५६५६ | बेदनिधि अधिकारी | हल्दिवारी-०१ | पूर्णानन्द अधिकारी | उदयनारायण अधिकारी | भाल्का चापागाई अधिकारी | गोलधाप | रघुनाथ अधिकारी/रेनुका अधिकारी | पूर्णानन्द अधिकारी/अग्नीधर नेउपाने | राजगढ-९, राजगढ-९ | ६१०६, ६१०८ | ०-५-०, ०-२-१० |
| २९ | ८७-२६२ | भुपेन्द्र कार्की | अर्जुनधारा-५ | पहलमान कार्की | मनबहादुर कार्की | तुलसादेवी कार्की | चारपाने | सुवास खड्का/भुपेन्द्र कार्की | देवीबहादुर खड्का/पहलमान कार्की | पाराखोपी-६ | २१६, ८७५६,८७५८ | ५०७९.५९ व.मी./३०४.७८ व.मी., १०१.५९ व.मी. |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

**बचत तथा ऋण व्यवसाय उपसमिति**



**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ। आफन्तबाट टाढिनुपरे पनि टाढाका [redacted]
साथीभाइसँग सम्पर्क बढ्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
नयाँ कुरा पाउन केही वस्तु त्यागनुपर्नेछ। पछिका [redacted]
लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। नयाँ सा [redacted]
साथ मिल्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
परिस्थितिवश आँटेका काममा विलम्ब हुन सक्छ। परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
[redacted] पनि फजुल खर्च बढ्नाले अर्थ अभाव देखा
[redacted] गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।
[redacted], पि, पु, ष, ण, ठ, पे, पो) -
[redacted] बाट अरूले फाइदा उठाउने कोशिस गर्लान्।
[redacted] रा गर्न सरसापट लिनुपर्ने हुन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
कर्म क्षेत्र सबल रहनेछ भने विभिन्न अवसरले पछ्याउनेछन्। दिगो काम प्रारम्भ हुनेछ। व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मेहनतले सफलताको उचाइमा पुऱ्याउनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। आर्थिक सफलता मिल्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। सहयोगको नाममा झुक्याउनेहरूले दुःख दिनेछन्। अस्वस्थताका बावजुद कामको जिम्मेवारी बढ्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। नयाँ काम थाल्न केही समय पर्खनुपर्ला। गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पछाडिबाट अवरोध पुऱ्याउनेहरू सक्रिय रहने हुँदा सजग रहनुहोला। हुन्छ, हुन्छ हजुर भन्नेले काम गरी देलान्।